# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असोज २६ गते २०३६ साल [ अतिरिक्ताङ्क ४०


## राष्ट्रिय चुनाव आयोगको

## सूचना

राष्ट्रिय चुनाव आयोगबाट जारी गरिएको देहायको मतदाता नाम संग्रह निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### राष्ट्रिय चुनाव आयोग (मतदाता नाम संग्रह) निर्देशिका, २०३६

१. नाम र लागूः (१) यो निर्देशिकाको नाम "राष्ट्रिय चुनाव आयोग (मतदाता नाम संग्रह) निर्देशिका, २०३६" रहेको छ ।

(२) यो निर्देशिका मतदाताको नाम संग्रह गर्ने काममा लागेका सम्बन्धित सबैलाई लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "आयोग" भन्नाले राष्ट्रिय चुनाव आयोग सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले मतदाता नाम संग्रह नियमावली, २०३६ सम्झनुपर्छ ।

(ग) "अधिकृत" भन्नाले मतदाताको नाम संग्रह गर्ने आयोगबाट खटिएको अधिकृत सम्झनुपर्छ ।

(घ) "फाराम" भन्नाले अनुसूची १ बमोजिमको मतदाता नाम संग्रह फाराम सम्झनुपर्छ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मतदाताको नाम संग्रह गर्दा अपनाउनु पर्ने कार्यविधिः</u>

(१) फारामको शिरमा अञ्चल, जिल्ला, पञ्चायत र वडा पहिले नै भर्नुपर्दछ।

(२) मतदाताको नाम संग्रह गर्दा नियमावलीको नियम ६ बमोजिम २०३६ साल जेष्ठ १० गते २१ वर्षको उमेर पूरा भएका र सोभन्दा बढी उमेर भएका नेपाली नागरिकको नाम मात्र फाराममा लेख्नुपर्छ। त्यस्ता मानिसमा पनि बहुलाएका वा मगज बिग्रेका र फौजदारी अभियोगमा दोषी ठहरी कैदको सजाय भोगिरहेका मानिसको नाम फाराममा लेख्नु हुँदैन। फाराममा लेख्दा नउड्ने मसीको प्रयोग गर्नु पर्छ।

(३) फारामको "सि. नं." भन्ने लेखिएको पहिलो कोठामा एक पञ्चायतभरिका सबै मतदाताको क्रमसंख्या लेखिने हो। "परिवार सि. नं." भन्ने दोस्रो कोठामा एक परिवारको १.२ गर्दै क्रमसंख्या लेख्दै गई एक परिवारको सबै मतदाताको नाम लेखिसकेपछि अण्डरलाइन दिई ढाकी दिनुपर्छ र अर्को परिवारको त्यसै गरी १.२ भन्ने क्रमसंख्या लेख्दै गई अण्डरलाइनले ढाकी दिनुपर्छ। एवं प्रकार परिवार परिवार स्पष्टसँग छुट्टा छुट्टै देखिने गरी फाराम भर्नुपर्छ।

(४) "घरको नम्बर र/वा गाउँ वा टोलको नाम" भन्ने लेखिएको कोठामा गाउँ वा टोल को नाम र घरको ब्लक नम्बर भए सोसमेत जनाई लेख्नुपर्छ।

(५) "लिङ्ग" भन्ने लेखिएको कोठामा मतदाता जनाना भए "स्त्री" वा "ज" भन्ने र लोग्ने मानिस भए "पु" वा "म" भन्ने एक अक्षर लेखिदिनु पर्छ।

(६) "बाबु वा पतिको नाम" भन्ने लेखिएको कोठामा विवाहित स्त्री जाति भए पतिको नाम र अविवाहित स्त्री जाति वा लोग्ने मानिस भए बाबुको नाम लेख्नुपर्छ। कुनै विवाहित स्त्री जातिले आफ्नू पतिको नाम भन्न नचाहेमा निजको बाबुको नाम लेखे पनि हुन्छ।

(७) उमेरको कोठामा मतदाता २१ वर्ष पुगेका र सोमाथि जति उमेरको छ सो उमेर लेख्नु पर्छ।

(८) "मतदाताको नाम, थर" भन्ने कोठामा नाम, थर स्पष्ट बुझिने गरी लेख्नु पर्छ र कैफियत महलमा कुनै अति आवश्यक कुरा भए सो जनाउनु पर्छ।

(९) मतदाता नामावली लेख्दैजाँदा आयोगबाट पठाएको छापा फाराम नपुग भएमा खाली कागजमा त्यस्तै कोठा कोरी लेखे हुन्छ।

(१०) फाराममा एक वडाका मतदाताको नाम लेखिसकेपछि अण्डरलाइनले ढाकी बाँकी कागज खाली छाडिदिनु पर्छ। अर्को वडाको नाम अर्कै फाराममा लेख्नुपर्छ।

(११) पञ्चायतका सबै वडाको मतदाता नामावली लेखिसकेपछि वडाहरूको क्रमानुसार फाराम मिलाई एकै ठाउँमा नत्थी गर्नुपर्छ र माथि उप-प्रकरण (३) मा लेखिए अनुसार एक पञ्चायतभरका मतदाताको क्रमसंख्या १ देखि उठाई सो पञ्चायतभरमा जति संख्या पुग्दछ उतिसम्म संख्या लेख्नुपर्छ।

३६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मतदाताको नाम संग्रह गर्ने कर्मचारीको व्यवस्था:

(१) आयोगबाट अन्य व्यवस्था गरेको सूचना नदिएमा अधिकृतले मतदाताको नाम संग्रह गर्ने कामको लागि मद्दतमा पाएसम्म सरकारी र नपाए वा नपुगेमा गैर सरकारी व्यक्ति पनि कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) मतदाता नाम संग्रह गर्ने कर्मचारी नियुक्त गर्दा आबादीको घनत्व र दूरीको विचार गरी आवश्यक कर्मचारी नियुक्त गर्नुपर्छ।

स्पष्टीकरण: "आबादीको घनत्व" भन्नाले बढी जनसंख्या भएको ठाउँलाई र "दूरी" भन्नाले फासला अर्थात् टाढा टाढालाई भनेको भन्ने बुझ्नुपर्छ।

(३) मतदाताको नाम संग्रह गर्ने कर्मचारीले सो गरेबापत तलबको रूपमा केही पाउने छैन, आयोगले तोकिदिएको दरमा पारिश्रमिक पाउने छ।

(४) अन्य कर्मचारी पठाउन नपाएबाट अधिकृत वा निजका साथका समेत आयोगका अन्य कर्मचारीले मतदाताको नाम संग्रहको काम गर्न जानु परेमा निजहरूले पनि उक्त पारिश्रमिक लिन सक्नेछन्।

(५) माथि उप-प्रकरण (३) र (४) मा लेखिएबमोजिम मतदाता नाम संग्रह गर्ने काममा लागेका कर्मचारीलाई पारिश्रमिक दिंदा भौगोलिक स्थितिलाई ध्यानमा राखी आयोगले तोक्न सक्नेछ।

(६) मतदाता नाम संग्रह गर्न नियुक्त भएका कर्मचारीले मतदाताको नाम संग्रह गर्नेसम्म कामको अधिकृतको कर्तव्य र अधिकारको प्रयोग गर्न पाउनेछन्।

५. मतदाता नाम संग्रह फाराम पाँच प्रति बनाउने र बुझाउने:

(१) एकप्रति मतदाता नाम संग्रह फाराम तयार भइसकेपछि सो फारामबाट मतदाता नाम संग्रह गर्ने कर्मचारीले अरू चार प्रति पनि फाराममा सार्नुपर्छ र मूल प्रतिमा रूजू गरी कत्ति फरक नपारी पाँचै प्रतिमा सहीछाप गरी तयार पार्नुपर्छ।

(२) उक्त पाँच प्रति फाराम अधिकृतलाई बुझाए पछि अधिकृतले भरपाई दिनु पर्छ र आयोगबाट तोकिदिएको पारिश्रमिक पनि दिई भरपाई गराई राख्नुपर्छ।

तर, अधिकृतले आफ्नू जवाफदेहीमा उसले गर्नुपर्ने काम हेरी केही रकम पेश्की दिन सक्नेछ। सो पेश्की फछ्र्यौट गर्ने जिम्मेवारी अधिकृतको हुनेछ।

(३) फाराम भर्ने कर्मचारीले बुझाएको पाँच प्रति फाराम सबै एकनास वा नाम, जात छुटेको वा फरक परेको चेक जाँच गर्ने कर्तव्य अधिकृतको हुनेछ। फरक भेटिए मिलाई राख्नुपर्छ।

(४) त्यस्तो पाँचै प्रति मतदाता नामावलीमा पानै पिच्छे अधिकृतले सहीछाप गरी प्रमाणित गर्नुपर्दछ।

३६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मतदाता नामावलीको प्रकाशन :

(१) जुन पञ्चायतको मतदाता नामावली तयार भई सक्छ सो पञ्चायतमा अधिकृतले दावी वा विरोधका लागि सो ५ प्रतिमध्ये १ प्रति मतदाता नामावली फाराम प्रकाशित गर्नुपर्छ ।

(२) मतदाता नामावली प्रकाशित गर्दा वडा पिच्छे गर्नुपर्छ र कुनै वडा ज्यादै टाढा टाढासम्म फैलिएको छ वा ज्यादा घनत्व छ भने त्यस्तो वडाको मतदाता नामावली फाराम फेरी टोल वा गाउँमा पनि प्रकाशित गर्न सकिनेछ ।

(३) वडा वडामा वा गाउँ वा टोलमा मतदाता नामावली प्रकाशित गर्दा त्यसै वडा वा टोल वा गाउँका मानिसको मात्र नाम भएको हुनुपर्छ भन्ने कुरामा सम्बन्धित अधिकृतले पूरा ध्यान दिनुपर्छ । अर्थात् एक वडा वा टोल वा गाउँका मतदाता नामावली अर्को ठाउँमा प्रकाशित हुन नपाओस् ।

(४) मतदाता नामावली प्रकाशित गरेपछि सो नामावली प्रकाशित भएका दिनमा ज-जसका रोहवरमा सो प्रकाशित भएको छ उस-उसको सहीछाप परेको टाँस मुचुल्का गराउनु पर्छ । मुचुल्काको ढाँचा अनुसूची २ मा दिइएको छ ।

स्पष्टीकरण : नामावलीको प्रकाशन भन्नाले सबैले देख्ने धेरै मानिसको आवत-जावत भएको ठाउँमा नउप्कने र पानीले नभिजाउने ठाउँमा टाँसी दिनुलाई जनाउँछ ।

(५) मतदाता नामावली प्रकाशित गर्न पठाउँदा सकभर सरकारी कर्मचारीमध्येबाट पठाउनु पर्छ, नपुग भएमा चाहिने कर्मचारी अधिकृतले नियुक्त गर्न सक्नेछ । नामावली प्रकाशित गर्न जाने कर्मचारीको पारिश्रमिक आयोगले तोकिदिएबमोजिम हुनेछ ।

७. मतदाता नामावलीमा दावी वा विरोध:

(१) मतदाता नामावली प्रकाशित भएपछि कसैले सो नामावलीमा मेरो नामसमेत पर्नु पर्नेमा छुटेछ वा फरक परेछ, मेरो नाम समावेश गरी वा सच्याई पाउँ भनी दरखास्त गर्न आएमा निम्नलिखित कुरा बुझी निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्ने वा सच्याउनु पर्ने देखिएमा अधिकृतले सच्याई दिनुपर्छ । निर्णय गर्दा अधिकृतले निम्नलिखित व्यहोरा यकीन गर्नु पर्छ:—

(क) नेपाली नागरिक हो वा होइन,

(ख) ०३६।२।१० गते २१ वर्ष पुगेको वा सोभन्दा माथिको उमेर छ छैन,

(ग) म्यादभित्रको दावी वा विरोध हो वा होइन,

(घ) निज त्यसै पञ्चायत वा क्षेत्रको मतदाता (व्यक्ति) हो होइन,

(ङ) आवश्यक अरू प्रमाण ।

३६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मतदाता नामावलीमा परेको कुनै व्यक्ति मतदाता हुन सक्ने मानिस होइन भन्ने कुरा प्रमाणसाथ रू. ५।– धरौटसमेत राखी नियमावलीमा तोकिएको म्यादभित्र मतदाता नामावलीमा नाम परेको अन्य कसैले त्यस्तो व्यक्तिको नाम कटाउन विरोध-को लागि निवेदन दिएमा अधिकृतले सम्बन्धित व्यक्तिको वतनमा नियमबमोजिम म्याद टाँसी दिनु पर्छ। म्यादभित्र सप्रमाण प्रतिवाद गर्न आएमा दुवै पक्षको प्रमाण-बाट जे देखिन्छ सो निर्णय निवेदनको शिर वा पीठमा लेखी राख्नुपर्छ। अधिकृतको निर्णयबाट मतदाता नामावलीबाट नाम हटाउन पर्ने देखिएमा हटाउने र हटाउन नपर्ने देखिएमा कायम राख्ने जो गर्नु पर्ने हो नियमबमोजिम गर्नुपर्छ।

(३) दावी वा विरोध गर्ने व्यक्तिले मतदाता नामावलीमा नाम परेका कम्तीमा दुई जना मानिसको यो कुरा यति कारणले सत्य हो भन्ने प्रमाणको रूपमा निजहरूको व्यहोरा सोही दावी वा विरोधको निवेदनमा वा छुट्टै कागजमा लेखाई ल्याउनु पर्छ। सोबमोजिम लेखाई ल्याएको नभएमा सम्बन्धित अधिकृतले उक्तबमोजिम लेखाई ल्याऊ भनी सम्झाई पठाई दिनुपर्छ र लेखाई ल्याउन नसकेमा त्यस्तो दावी वा विरोधको निवेदन दर्ता गर्नु पर्दैन।

(४) जुन वडामा प्रकाश भएको मतदाता नामावलीको सम्बन्धमा दावी गर्ने हो सोही वडाका व्यक्तिले र विरोध गर्नेमा सो वडाको मतदाता नामावलीमा नाम भएको व्यक्तिले मात्र गर्न पाउने छन्।

(५) विरोध गर्दा एकजना व्यक्तिको उपर एक वा एकभन्दा बढी व्यक्तिले एउटै वा पृथक पृथक निवेदनबाट गर्न सकिनेछ, धेरै जना व्यक्तिउपर एउटै निवेदनबाट विरोध गर्न पाइने छैन। दावी गर्नेमा एकाघर सगोलका व्यक्तिको सम्बन्धमा एउटै निवेदनबाट र बेगल बेगल व्यक्तिका सम्बन्धमा छुट्टा छुट्टै निवेदन दिनु पर्छ।

(६) कुनै वडामा टाँसिएको कुनै मतदाता नामावलीमा नाम परेको कुनै व्यक्तिको नाम हटाई पाउँ भन्ने विरोध आएमा सफाइको निमित्त मौका दिन अधिकृतले जारी गरेको म्याद जसका उपर विरोध परेको छ उसैलाई या उसका घरमा वा घर, मानिस नभए सोही वडाको सबैले देख्ने ठाउँमा टाँसी २ जनासम्मको मुचुल्का गराएमा रीतपूर्वक म्याद टाँसिएको मानिनेछ।

(७) विरोध परेकोमा टाँसिएका म्यादभित्र लिखित जवाफ नदिएमा अधिकृतले आफू-समक्ष दाखिल भएका सबूद प्रमाणको आधारमा निर्णय दिन सक्नेछ।

(८) दावी विरोधको निर्णय भएपछि अधिकृतले सम्बन्धित व्यक्तिको जानकारीका लागि आफ्नो कार्यालयको बाहिर कुनै ठाउँमा छोटकरीमा अर्थात दावी वा विरोध स्वीकार भए नभएको कुरा जनाई सूचना टाँसी दिएमा सम्बन्धित पक्षलाई जानकारी दिएको मानिनेछ।

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मतदाता नामावली सच्याउने:

(१) प्रथम पटक प्रकाशित मतदाता नामावलीमा कसैले दावी वा विरोध गरेमा सोको निर्णय अनुसार मतदाता नामावलीमा कसैको नाम थप्नु पर्ने भएमा यस मितिको निर्णयानुसार भन्ने जनाई छुट्टै फाराममा थपिएका नाम लेखी प्रत्येक वडाको पछिल्लो पाना पछि नत्थी गर्नु र मूल मतदाता नामावलीहरूमा पनि त्यस्तो नाम थपी दिनु पर्छ। कसैको नाम मतदाता नामावलीबाट झिकिने भएमा पनि यस मितिको निर्णयबाट झिकिएको भन्ने जनाई प्रत्येक वडाको मतदाता नामावलीको पछिल्लो पाना पछि छुट्टै फाराममा लेखी राखी मूल मतदाता नामावलीहरूमा पनि सो बमोजिम मिलाई केरी अन्तिम नामावली तयार पार्नु पर्नेछ।

(२) दावी वा विरोध नपरी प्रथम पटक प्रकाशित मतदाता नामावली सच्याउनु नपरेमा सो नामावली नै अन्तिम मतदाता नामावली मानिनेछ।

९. अन्तिम मतदाता नामावलीको प्रकाशन:

(१) दावी वा विरोध परेकोमा सोको निर्णय भएपछि प्रकरण ८ (१) मा लेखिए बमोजिम तयार भएको मतदाता नामावली अन्तिम मतदाता नामावली मानिनेछ। प्रथम मतदाता नामावली जहाँ जहाँ प्रकाशित गरिएको छ, उस उसै ठाउँमा पूर्ववत् अन्तिम मतदाता नामावली प्रकाशित गर्नु पर्दछ।

(२) अन्तिम मतदाता नामावली प्रकाशित गर्दा अनुसूची ३ बमोजिमको टाँस मुचुल्का गराउनु पर्दछ।

(३) अन्तिम मतदाता नामावली प्रकाशित भएपछि अधिकृतले जति सक्यो छिटो साधनद्वारा १।१ प्रति अन्तिम मतदाता नामावली सुरक्षितसाथ आयोगमा पठाउनु पर्छ।

(४) अन्तिम मतदाता नामावली आयोगमा पठाएपछि अधिकृतले तत्सम्बन्धी कागज र बाँकी रहेका अन्तिम मतदाता नामावलीसमेत हिनामिना हुन वा गर्न नपाउने गरी सुरक्षितसाथ राख्नुपर्छ।

३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ पाना . . .

राष्ट्रिय चुनाव आयोगबाट लिइने मतदाता

नाम संग्रह फाराम

अञ्चल . . . . . . . जिल्ला . . . . . . पञ्चायत . . . . . . . . . वडा नं. . . . . .

| सि.नं. | परिवार सि.नं. | घरको नम्बर र/वा गाउँ वा टोलको नाम | मतदाताको लिङ्ग (स्त्री वा पुरुष) | मतदाताको बाबु वा पतिको नाम | मतदाताको २०३६।२।१० गतेमा पूरा भएको उमेर | मतदाताको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोटः– यस फाराममा २०३६।२।१० मा २१ वर्ष पूरा भएका वा सोभन्दा बढी उमेर भएका जनाना वा मर्दानाको नाम मात्र सङ्कलन गरिने ।

. . . . . . . . . . . .

नाम संग्रह गर्नेको सहीछाप

३६८

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– २

(नं. ६ (४) संग सम्बन्धित)

प्रथम मतदाता नामावली प्रकाशनको टाँस मुचुल्का

अञ्चल ... ... जिल्ला ... ... पञ्चायत ... वडा ... ...
को सबैले देख्ने ... ... मा सो ठाउँका मतदाताको नामावलीको प्रथम प्रकाशन आज हामीहरूका रोहवरमा राष्ट्रिय चुनाव आयोगका अधिकृतले खटाएको कर्मचारीले टाँसेको ठीक साँचो हो भनी साछी बसी सहीछाप गर्ने देहायका मानिसः–

१ ... ... ... ...

२ ... ... ... ...

३ ... ... ... ...

मतदाता नामावली टाँस गर्नेको सहीछाप ... ... ...

३६८

इति सम्वत् २०३ ... साल ... गते रोज ... शुभम्–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सरकार

अनुसूची– ३

(नं. ६ (२) संग सम्बन्धित)

## अन्तिम मतदाता नामावली प्रकाशनको टाँस मुचुल्का

अञ्चल ... ... जिल्ला ... ... पञ्चायत ... वडा ... ... को सबैले देख्ने ... ... मा सो ठाउँका मतदाताको नामावलीको अन्तिम प्रकाशन आज हामीहरूका रोहवरमा राष्ट्रिय चुनाव आयोगका अधिकृतले खटाएको कर्मचारीले टाँसेको ठीक साँचो हो भनी साक्षी बसी सहीछाप गर्ने देहायका मानिस:–

१ ... ... ...

२ ...

३ ... ... ... ...

मतदाता नामावली टाँस गर्नेको सहीछाप ... ... ...

इति सम्वत् २०३ साल गते रोज शुभम्–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## राष्ट्रिय चुनाव आयोगको
## सूचना

राष्ट्रिय चुनाव आयोगले मतदाता नामावलीको सम्बन्धमा गरिने दावी वा विरोधको लागि दावीपत्र तथा विरोधपत्र तथा विरोध परेको व्यक्तिको नाममा आयोगको क्षेत्र कार्यालय-हरूबाट जारी गरिने म्यादी सूचना र म्यादी सूचनाको टाँस मुचुल्काको देहायबमोजिमका ढाँचाहरू तोकेको छः-

(क) दावीपत्रको ढाँचा :

मितिः- ... ... ...

राष्ट्रिय चुनाव आयोग क्षेत्र कार्यालय

... ... जिल्लामा पेश गरेको

दावीपत्र

यस कार्यालयबाट पश्चायत ... वडा नं ... ... मा प्रकाश भएको प्रथम मतदाता नामावलीमा ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... भएकोले सच्याई। नाम थपी पाउन दावीपत्र पेश गरेको छु।

यो कुरा प्रमाणित गर्ने प्रमाणः

१.

२.

३.

360 दावीपत्र पेश गर्नेको नाम, थर, वतनः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विरोधपत्रको ढाँचा:

मिति:- . . . . .

राष्ट्रिय चुनाव आयोग क्षेत्र कार्यालय

जिल्लामा पेश गरेको

विरोधपत्र

यस कार्यालयबाट पञ्चायत . . . . .वडा नं. . .मा प्रकाश भएको प्रथम मतदाता नामावलीमा लेखिएको . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . .

ले निजको नाम मतदाता नामावलीबाट हटाई पाउँ भनी २ प्रति विरोधपत्र पेश गरेको छु।

यो कुरा प्रमाणित गर्ने प्रमाण:

१.

२.

३.

विरोधपत्र पेश गर्नेको नाम, थर, वतन:-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ग) म्यादी सूचनाको ढाँचा

राष्ट्रिय चुनाव आयोग क्षेत्र कार्यालय . . . . . . . . . . जिल्ला बाट जारी भएको अञ्चल . . . . . जिल्ला . . . . . . . . पञ्चायत . . . . . . . . वडा नं. . . . . . . . . . बस्ने . . . . . . . . . . . . का नाउँको म्यादी सूचना– – – – – – – – –

तपाइँको वडामा प्रथम प्रकाश भएको मतदाता नामावलीमा तपाइँउपर . . . . . . ले गरेको विरोधपत्रको प्रतिलिपि यसैसाथ छ, सो उजूरीमा तपाइँको चित्त नबुझे यो म्याद तपाइँले पाएको वा टाँसिएको दिन . . . . भित्र सबूत प्रमाणसहित आपनो व्यहोरा लिखित रूपमा पेश गर्न ल्याउनु होला वा वारेसमार्फत पठाउनु होला । म्याद गुज्रेपछि प्रतिवाद लाग्ने छैन । इति सम्वत् २०३ साल . . . गते रोज . . . शुभम्–

---

द्रष्टव्यः यो सूचना जारी गरिएको व्यक्ति अन्यत्र गइरहेको अवस्थामा निजको एकाघरको परिवारको कुनै सदस्यले निजको तर्फबाट उक्त म्यादभित्र सफाइ पेश गर्न सक्नेछ ।

## (घ) म्यादी सूचना टाँस मुचुल्काको ढाँचा

जि. . . . . . . . . पं. . . . . . . . वडा नं. . . . . . . . बस्ने . . . . . . . . . . . . . . . . . . का नाउँमा रा. चु. आ. क्षेत्र कार्यालय . . . . . . . . जिल्लाबाट दिएको सूचना र उजूरीको प्रतिलिपि हाम्रो रोहवरमा . . . . . . . . . . . . . . . मा टाँसिएको हो भनी सहीछाप गर्ने–

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १

म आफैले बुझिलिएँ भनी सहीछाप गर्ने . . . . . . . . . . . .

इति सम्वत् २०३ साल . . . . . गते रोज . . . . शुभम्– – – – – – – – – –

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।